# दाऊद घ




यसै बेला शमूएल अगमवक्ताको मृत्यु भयो । र, सारा इस्राएलले विलाप गरे ।
शमूएल अब परमप्रभुसित हुनुहुन्छ । मलाई इस्राएलमाथि राजा अभिषेक गर्ने व्यक्ति उहाँ नै हुनुहुन्थ्यो । उहाँको अगमवाणी पूरा नभइञ्जेल म पर्खनेछु ।
दाऊद शाऊलको पहुँचदेखि पर बस्न थाले । उनी नाबाल नाम गरेका एउटा धनी मानिसको नजिकै बस्दथे जसका १ हजार बाख्रा र ३ हजार भेडाहरू थिए ।
यो सन्देश कर्मेली नाबालकहाँ पुर्‍याइदेऊ ।
तपाईंलाई शान्ति होस् ! तपाईं आफ्ना भेडाको ऊन कत्रँदै हुनुहुन्छ भन्ने कुरा हामीले सुन्यौँ । मेरा मानिसहरूले तपाईंको बगाल र गोठालाहरूलाई देखभाल गरेको बदलीमा आजको यो शुभ दिनमा हामीलाई कृपा गरि जे दिन सक्नुहुन्छ दिनुहोस् ।
दाऊद को हो ? हिजोआज धेरै कमाराहरू आफ्ना मालिकदेखि भागेर जान्छन् । हामीले यत्रो मेहनत गरेर जुटाएको खानेकुरा अज्ञात मानिसहरूसित मैले किन बाँड्ने ?
कर्मेलीहरूले पठाएको जवाफ यही नै हो ।
उसका मानिसहरू र बगाललाई हामीले देखाएको दयाको बदलीमा उसले हामीलाई देखाएको निष्ठूर ताको निम्ति उसले दण्ड पाउनैपर्छ ।
आ–आफ्नो तरवार भिर ।


नाबालको जवाफ सुनेपछि उनका सेवकहरू उनीहरूका मालिककी पत्नीकहाँ गए।
मालिक्नी, हजूर र हामी सबै जना ठूलो खतरामा पर्न लाग्दैछौँ।
दाऊदले आफ्ना दूतहरू हाम्रा मालिककहाँ पठाएका थिए तर उहाँले तिनीहरूलाई अपमान गर्नुभयो।
हामी खेतमा काम गर्दा उहाँका मानिसहरूले हामीलाई कहिल्यै दुर्व्यवहार गरेनन्।
साँचो कुरा गर्नुपर्दा, उनीहरू हाम्रा चारैतिर पर्खाल जस्तै थिए र हामीले बगालबाट कहिल्यै केही हराएनौँ।
उहाँ यति दुष्ट मानिस हुनुहुन्छ कि उहाँसित कसैले कुरै गर्न सक्तैन।
हजूरले नै केही गर्नसक्नुहुन्छ कि विचार गर्नुहोला -- नत्रभने यो सबै परिवारमाथि सर्वनाश आउँदैछ।
भट्टै पाँचवटा तयार गरिएका भेडा मकहाँ ल्याऊ र मेरा अरू चाकरहरूले रोटी, अन्न, दाखमद्य र किशमिश तयार गरून्।
सायद ढिलो हुनुअघि नै हामी दाऊदको रिस शान्त पार्न सक्नेछौँ।
यदि मैले नाबालको घरानामा एउटै मात्र पुरुष जीवित राखेँ भने परमेश्वरले मलाई त्यसै गरून् वा त्यसभन्दा पनि बढी गरून्।
यो घटनाको सबै दोष ममाथि नै परोस्!
हजूरले नाबालको ख्याल नगर्नुहोस्, जस्तो त्यसको नाउँ नाबाल छ, त्यो त्यस्तै छ --मूर्ख।
कृपा गरी आफ्नो दासको दोष माफ गरिदिनुहोस् र यी सौगातहरू ग्रहण गरिदिनुहोस्। जब परमप्रभुले हजूरलाई दिनुभएका सबै प्रतिज्ञा पूरा गर्नुहुन्छ, यो अनावश्यक रक्तपात हजूरको विवेकमा गह्रौं बोझ मात्र हुनेछ। त्यसैले यस्तो बोझ हजूरले नबोक्नुहोस्।


इस्राएलका परमेश्वरको प्रशंसा होस् जसले तिमीलाई मकहाँ पठाउनुभयो ।
यदि तिमी मलाई भेट्न भन्दै नआएकी भए, नाबाल र उसित भएका सबै पुरुषहरूलाई म मारिसक्ने थिएँ ।
तिमी अब शान्तिसित घर फर्कन सक्छौ । हामी तिम्रो सौगात स्वीकार गर्छौं ।
म नाबाललाई अहिले होइन, बिहान मात्रै बताउनेछु । अहिले त ऊ मद्यले लट्ठै भएको छ ।
जब अबिगेलले यी सबै कुरा उसलाई बताइन्, तब उनलाई हृदयाघात भयो ।
दश दिनपछि उनी मरे ।
नाबाल हृदयाघात भएर मरेको कुरा हामीले भर्खरै गोठालाहरूबाट थाहा पायौं ।
नाबालले गरेको खराबीको बदला दिनुभएर परमेश्वर मेरो पक्षमा खडा हुनुभएको छ ।
तब दाऊदले अबीगेललाई विवाहको प्रस्ताव पठाए र अबीगेल दाऊदकी पत्नी भइन् ।



जीपीहरूबाट एक भुण्ड शाऊलकहाँ आए......
दाऊद हकीलाको पहाडमा लुकिरहेको छ भन्ने समाचार हामीले पाएका छौँ ।
हामी प्रस्थान गरि हाल्नुपर्छ । ऊ फन्दामा परेको छ ।
मेरा ३,००० उत्तम लडाकुहरूलाई जम्मा गर । यस पालि ऊ मजाले फन्दामा परेको छ ।
छाउनी भत्केको छ र मानिसहरू हिँड्न तयार छन् ।
हामीलाई मरूभूमिमा भेट्टाउन शाऊल र उसका मानिसहरूलाई गाह्रै पर्ला ।
गुप्तचरहरूको भुण्डलाई पठाऊ र म चाहिँ यी मानिसहरूसित जानेछु ।
हामीले खबर पाएका छौँ कि शाऊल र उसका उत्तम योद्धाहरूले हकीला जाने बाटोको छेउमा छाउनी हालेका छन् ।
हित्ती अहीमेलेक र योआबका भाइ अबीशैलाई मकहाँ पठाऊ ।
हामीले आक्रमण गर्ने अरू कुनै बाटो छैन ।
मसित को जानेछ ?
म जानेछु ।
हामी जानेछौँ ।


परमेश्वरले तपाईंको शत्रुलाई पक्कै तपाईंको हातमा सुम्पिदिनुभएको छ।
म त्यसलाई भालाले घोचेर एकै खेपमा भूइँमा रोपिदिनेछु।
होइन! परमप्रभुको अभिषिक्त जनमाथि हात उठाउने को चाहिँ निर्दोष हुन्छ?
मेरो पछि आऊ।
तिनीहरू कहिले आए, कहिले गए कसैलाई थाहा भएन किनकि परमेश्वरले सबैलाई, पहेरादारहरूलाई समेत, गहिरो निद्रामा पार्नुभएको थियो।
अबनेर, के तिमी मलाई जवाफ दिँदैनौ?
को हो त्यो?
ऊ को हो मलाई थाहा छ।




१ शमूएल २६:१४-२५


शाऊलले फेरि आफ्नो विचार बदल्ला भनेर दाऊद डर मान्न थाले।
त्यसैले पलिश्तीहरूकहाँ शरण पाइन्छ कि भन्ने आशाले दाऊद त्यतैतिर लागे। पलिश्तीहरू शाऊल र इस्राएलका शत्रुहरू थिए।
उनका दुई पत्नीहरू अहीनोम र अबीगेल उनको साथमा थिए भने उनकी पहिलो पत्नी मीकललाई शाऊल राजाले अर्कै मानिसलाई दिएर पठाएका थिए।
अरू सैनिकहरूका पनि परिवार साथैमा थिए।
स्वामी, यो त इस्राएलका शत्रुहरूको देश हो।
शाऊलले अबदेखि मलाई यहाँ गातको सहरमा खोज्नेछैनन्। गातका राजा आकीशले मेरो कुरा सुन्नेछन्।
गोल्यतलाई मार्ने वीर पुरूष पलिश्तीहरूको माझमा बस्ने ?
हजूर, तर महाराजसित राजधानीमा त होइन।
तपाईंको निगाह भए देशको कुनै एउटा गाउँमा मलाई बसोबास गर्न दिनुहोस्।
ठीकै छ, तपाईं र तपाईंका परिवारहरू जहिलेसम्म चाहनुहुन्छ, सिक्लग सहरमा बसोबास गर्न सक्नुहुन्छ।



१ शमूएल २७: १-७


तर यस सहरबाट यहूदाका मानिसहरूका छिमे कीहरूलाई आक्रमण गर्न दाऊद निस्कन्थे ।
गशूरीहरू, गिर्जीहरू र अमालेकीहरू दाऊद र उनका मानिसहरूको हातबाट मारिए ।
के सबै मारिए ?
अँ, सबै पुरूष तथा स्त्रीहरू । हामीले कोही गवाहीहरू छोडेका छैनौं ।
राम्रो गर्‍यौ । नत्रभने यिनीहरूले पलिश्तीहरूलाई हाम्रो बारेमा खबर गरेर हाम्रै विरुद्ध उक्साउने थिए ।
तिमीहरू र तिमीहरूका मानिसहरू कहाँ गएका थियौ ?
यहूदाका विभिन्न सहरहरूको विरुद्धमा लड्न ।
यो मानिस डरलाग्दो छ । यसले हाम्रो सबैभन्दा ठूलो शूरवीरलाई मार्‍यो र अहिले हाम्रै माझमा बस्दै आएको छ । अनि कहाँ कहाँ यात्रा गरेर फर्कन्छ हामीलाई नै थाहा छैन ।
नडराऊ । यसले आफ्ना जातिमा खराब नाउँ कमाएकोले यो जीवनभरि नै मेरो सेवक हुनेछ ।
तर, वास्तवमा कुरा साँचो थिएन ।
परमेश्वरले दाऊदलाई हाम्रा उजाडस्थानका शत्रुहरूलाई हराएर तिनीहरूलाई हाम्रो विरुद्ध आक्रमण गर्न देखि रोक्न पठाउनुभएको हो ।
ऊ एउटा राम्रो अगुवा हो र वीवर योद्धा पनि ।


हामी अब शाऊल र उसका सेनाको विरुद्ध लड्नेछौँ । तिमीले मेरो साथ दिएको म चाहान्छु ।
तपाईँको दासले के गर्न सक्छ तपाईँले जान्नुहुनेछ, महाराज ।
मलाई एउटा राम्रो योद्धा चाहिएको छ र तिमीलाई म जीवनभरि नै मेरो अङ्गरक्षक तुल्याउनेछु ।
तपाईँले यो देख्न जरुरी छ.........
पलिश्तीहरूले पूरै बँसी ढाके का छन्...
मैले परमप्रभुसित सल्लाह लिनुपर्छ ।



१ शमूएल २८:१-७


परमप्रभुले मलाई न त अगमवक्ताद्वारा, न त ऊरीम र तुम्मीमद्वारा नै जवाफ दिनुभयो ।
मलाई सहायता चाहियो........मेरा निम्ति एउटा मन्त्रतन्त्र गर्ने स्त्रीलाई खोजिदेओ ताकि म सल्लाह पाउन सकूँ ।
महाराज, शमूएलले उनी मर्नु अघि नै देशबाट मन्त्रतन्त्र गर्ने र भूतप्रेत खेलाउने सबैलाई निकालिसकेका थिए ।
तर म एक जनालाई चिन्छु........एन्दोरमा यस्तो एउटी स्त्री छ ।
मेरो निम्ति एउटा आत्मासित सल्लाह लिइदेऊ । मैले जुन मानिसको नाउँ लिन्छु, त्यसलाई बोलाइदेऊ ।
तर तपाईं जान्नु नै हुन्छ होला कि राजा शाऊलले मन्त्रतन्त्र गर्ने र भूतप्रेत खेलाउने सबैलाई देशबाट निकालिसकेका छन् । के मलाई मार्नकै निम्ति तपाईं मलाई फसाउँदै हुनुहुन्छ ?
जीवित परमप्रभुको नाउँमा म भन्दछु कि यसले गर्दा तिमीमाथि कुनै किसिमको दण्ड आउनेछैन ।
तपाईं कसलाई बोलाउन चाहानुहुन्छ ?
शमूएललाई बोलाऊ ।
यइइ ! !
तपाईंले किन मलाई ढाँट्नुभयो ? तपाईं त शाऊल पो हुनुहुँदोरहेछ !
नडराऊ । तिमी के देख्दैछौ ?
जमिनबाट निस्केर आइरहेको एउटा प्रेत म देख्दैछु ।
त्यो कस्तो छ ?
खास्टो ओढेको एउटा वृद्ध मानिस माथि निस्कँदैछ ।


मेरो शान्तिलाई तिमीले किन भङ्ग गरेर मलाई माथि ल्यायौ ?
म ठूलो संकष्टमा परेको छु । मेरो विरुद्ध लड्न पलिश्तीहरू तैनाथ भएर बसेका छन् र परमप्रभुले मलाई न त अगमवक्ताद्वारा, न त सपनाद्वारा नै जवाफ दिनुहुन्छ ।
मैले के गर्नुपर्ने हो, मलाई बताउनुहोस् ।
परमप्रभु तिम्रो विरोधी हुनुभएको छ, तिमी किन मसित सल्लाह माग्छौ ?
मद्वारा पहिले नै भन्नुभएको कुरा परमप्रभुले गर्नुभएको छ ।
राज्य अब तिम्रो हातमा छैन, दाऊदको हातमा छ ।
अमालेकीहरूको विरुद्धमा परमप्रभुको जे आज्ञा थियो, सो तिमीले पालन गरेनौ ।
परमप्रभुले तिमी र इस्राएललाई पलिश्तीहरूको हातमा सुम्पिदिनुहुनेछ ।
भोलि तिमी र तिम्रा छोराहरू मसँग हुनेछौ ।
परमप्रभुले इस्राएली सेनालाई पनि पलिश्तीहरूको हातमा सुम्पिदिनुहुनेछ ।






तपाईँले भन्नुभएको कुरा मैले माने ँ र मैले मेरो प्राण तपाईँको निम्ति खतरामा हालेँ ।
अब मेरो कुरा सुन्नुहोस् । तपाईँका यात्राका निम्ति तपाईँले बल पाउनलाई म केही खाने कुरा टक्र्याउनेछु ।
म खाँदिन ।




तपाईँले खानै पर्छ ! तपाईँले यस्तो अनुभव गर्नुभएको छ जुन धेरै मानिसहरूले गरेकै छैनन् ।
तर मरेको मानिससित सल्लाह नलिनू भनेर परमेश्वरले स्पष्टसित हामीलाई बताउनुनै भएको छ नि ।



शाउल घर फर्के । तर परमेश्वरको वचनप्रति तिनी अनाज्ञाकारी भएको कारण तिनले त्यसको पूरा मूल्य चुकाउनै आँटेका थिए ।


१ शमूएल २८:२५


यी हिब्रुहरू के गर्दैछन् यहाँ ?
यी दाऊद र उनका मानिसहरू हुन् । उनी मसित रहँदै आएको एक वर्ष बढी भैसक्यो र मै ले उनमा कुनै दोष भेट्टाएको छैन ।
त्यस मानिसलाई तपाईँले दिनुभएको ठाउँमा फर्काइदिनुहोस् !
युद्धमा हाम्रो विरुद्ध लागेर हाम्रा मानिसहरूलाई मारेर आफ्नो मालिकको निगाह पाउने त्यसलाई कस्तो राम्रो मौका !
के यिनी त्यही दाऊद हो इनन् जसको विषयमा तिनीहरूले गाउँदै नाचेका थिए ?
शाऊलले हजारौँ हजारलाई मारे तर दाऊदले लाखौँ लाखलाई ।
जीवित परमप्रभुको नाउँमा म भन्दछु कि म तिमीसित प्रसन्न छु तर मेरा सेनापतिहरू र अरू शासकहरू युद्धको निम्ति तिमीलाई लिन राजी छैनन् । शाऊलकै पक्षमा लागेर कतै तिमी हाम्रो विरुद्धमा जाने हो कि भनी तिनीहरू डराएका छन् ।
मैले गर्नसक्ने केही छैन । शान्तिसित जाऊ ।
मैले के गरेको छु र ? मैले किन तपाईँहरूका शत्रुहरूको विरुद्ध लडाईँ गर्न नपाउने ?
सेनापतिहरूले तपाईँलाई लिन मानेकै छैनन् । तिमी भोलि बिहानै प्रस्थान गर ।
हामी सिक्लग फर्कनेछौँ र त्यसपछि आफ्नो परिवारमा । आज हामी लड्दैनौँ । तिनीहरूले हामीलाई विश्वास गर्दैनन् ।
सिक्लग अनि आफ्नो परिवार । मानिसहरू हाम्रै बाटो हेरिरहेका छन् ।


सिक्लगलाई त आक्रमण गरिसके का रहेछन् ।
मेरो परिवार !
मेरी पत्नी र मेरा छोरीह
अमालेकीहरूले हाम्रो सबै कुरा, हाम्रा परिवार समेत कब्जा गरेर लगे ।
मेरा दुई छोरीहरू अनि राजा दाऊदका दुई पत्नीहरू !
हाम्रो परिवारको सुरक्षाको ख्याल नगरेकोले दाऊद मारिनैपर्छ ।
तिनीहरूको जीवनको सट्टामा त्यसको प्राण लिनैपर्छ त्यसलाई ढुङ्गाले हानेर मारौँ ।
सैनिकहरू समेतले दाऊदलाई मार्ने विचार गरे तर दाऊदले परमप्रभुलाई पुकारा गरे र आफ्ना परमेश्‍वरबाट बल पाए ।
यहाँ एपोद ल्याऊ त ।
के म यो लुटपीट गर्नेहरूलाई खेदूँ ? के म उनीहरूलाई भेट्टाउन सकूँला त ?
अवश्य तैँले तिनीहरूलाई भेट्टाएर सबैलाई छुटाउनेछस् ।


हामीले लुटपिट गर्नेहरूको टोलीबाट तिनीहरूले छोडेर गएका यो मिश्री दासलाई भेट्टायौँ । त्यसलाई हामीले खानेकुरा र पानी दिएका छौँ । ऊ अब हिँड्न सक्छ ।
तँ कसको होस् ? तँ कहाँबाट आएको होस् ?
म एउटा मिश्री हुँ, एक अमालेकीको दास । म बिरामी भएकोले मेरा मालिकले मलाई छोडेर गए ।
हामीले नेगेव र यहूदाको केही भाग लूटपीट गर्‍यौँ र सिक्लगलाई आगो लगाइदियौँ ।
के तँ मलाई त्यस दलकहाँ बाटो देखाउन सक्छस् ?
सक्छु तर यदि तपाईँ मलाई मार्नुहुन्न अथवा मेरा मालिकको हातमा मलाई सुम्पिदिनुहुन्न भनी शपथ खानुभयो भने मात्रै ।
म तँलाई वचन दिन्छु ।
तिनीहरूमध्येका दुई सय जना अत्यन्त थाकेको कारण अघि बढ्न सकेनन् ।
तिनीहरू मालसामानको साथमा यहीँ बस्नेछन् र बाँकी चार सय हामीसित जानेछन् ।



१ शमूएल ३०:९-१६


हामी साँझमा तिनीहरूलाई आक्रमण गरी धूलोपीठो पार्नेछौँ ।
पूरा एक रात र पूरा एक दिन लडाइँ भयो ।
ठूलो क्रोधमा दाऊद र उनका सैनिकहरूले ती लूटपीट गर्ने अमालेकीहरूलाई नष्ट गरे ।
सबै जना खत्तम भए, सबैजना । कोही पनि छुटेका छैनन् ।
लडाइँमा जाने सैनिकहरू र यहाँ पर्खेर बस्ने हरूलाई सबैलाई लूटेको सामान बाँड ।
के अरे ? हामीले त आफ्नो ज्यानलाई जोखिममा हाल्यौँ तर यिनीहरू त मालसामान हेर्न बसेका मात्रै त हुन् नि ।
होइन, परमप्रभुले हामीलाई रक्षा गर्नुभयो, यी सब दिनुभयो, र दुश्मनहरूलाई हाम्रा हातमा दिनुभयो ।
मालसामान हेर्ने बसेकाहरूले लडाइँमा जानेहरूकै बराबर हिस्सा पाउनेछन् । सबैले बर ाबर हिस्सा पाउनेछन् ।
लूटको केही भाग सौगातस्वरूप यहूदाका धर्मगुरूलाई पनि पठाइदेओ ।



सबै नष्ट भयो। पलिश्तीहरूले हाम्रो विरुद्ध लडे। मेरा दुई छोराहरू पनि मारिए।
यो पीडालाई अन्त्य गरिदेऊ। तिम्रो तरवार लिएर मलाई मार नत्रभने ती पलिश्तीहरू आएर मेरो निन्दा गरेर तमाशा देखाउनेछन्।
म यो गर्न सक्तिन, महाराज....तपाईं परमेश्वरका अभिषिक्त जन हुनुहुन्छ।
यदि तिमी गर्दैनौ भने......म आफैं गर्नेछु।
परमेश्वरले मबाट आफ्नो हात झिक्नुभएको छ। अब दुई छोरा हरूको मृत्युमा मिल्नु नै मेरो भलाइ छ।
अह्ययय.....
उसको हतियार खोस र त्यो बुढोको शिर काटिदेऊ।
उसको हतियार हामी भेटीस्वरूप हाम्रो देवताको मन्दिरमा राख्नेछौं र उसको मृत शरीरलाई एउटा चिह्नस्वरूप पर्खालमा झुण्ड्याएर राख्नेछौं।
युद्धमा हारेर बाँकी इस्राएलीहरू भागेका भएतापनि तिनीहरूमध्ये का केही वीर मानिसहरू याबेश गिलादबाट रातभरि यात्रा गरे।
र शाऊल र उनको छोराहरूको मृत शरीरलाई घर लिएर गए।
मृत शरीरलाई जलाइसकेपछि तिनीहरूले हड्डीलाई चाहिँ याबेशमा गाडे र सात दिनसम्म तिनीहरू उपवास बसे।
उहाँ हाम्रो राजा हुनुहुन्थ्यो। हामी उहाँ र उहाँका छोराहरूको निम्ति शोक गर्नेछौं।



तँ कहाँबाट आएको होस् ?
म अमालेकी हुँ र इस्राएलीहरूको शिविरबाट उम्केर आएको हुँ । इस्राएली सेनाहरू पलिश्तीहरूदेखि भागे । शाऊल र उनका छोरा जोनाथन पनि मारिए ।
तैँले यो कसरी जानिस् ?
म गिल्बो डाँडा थिएँ र राजालाई मर्ने गरी घाइते भएको देखेको
शाऊल मृत्युको मुखैमा परिसकेका थिए र उनले आफूलाई मलाई बिन्ती गरे र मैले उनलाई मारेँ ।
ओह्....
हे, इस्राएल तिम्रो महिमा डाँडाहरूमा मरी ढलेको छ ।
हे, इस्राएलका छोरीहरू, शाऊलका निम्ति रोऊ ।
महावीरहरू कसरी रणभूमिमा ढले !
के.....?
तँ आफैले परमप्रभुको अभिषित्तलाई मारेँ भनेर गवाही दिइस् नि ।
त्यसलाई मार् ।


प्रभु, तपाईं मेरो यात्राभरि मसितै रहनुभएको छ । कृपया आफ्नो दाससित बोल्नुहोस् । के म यहूदाको सहरमा जाऊँ ?
उक्लिजाऊ ।
कहाँ ?
हेब्रोनमा ।
शमूएलले तपाईंलाई राजा अभिषेक गरिसकेका छन् ।
हामी यहूदाका मानिसहरू तपाईंलाई परमप्रभुको अगाडि हाम्रो राजा अभिषेक गर्दछौं ।
याबेशका मानिसहरूलाई यो सन्देश लिएर दूतहरू पठाऊ :
तिमीहरूले शाऊललाई गाडेर उनीप्रति देखाएको भक्तिको निम्ति परमप्रभुले तिमीहरूलाई आशिष दिउन् । शाऊल मरिसकेका छन् र म हेब्रोनमा राजा अभिषेक भएको छु ।
राजा शाऊलको मृत्युपछि सेनापति अबनेरले इस्राएलका लडाकुहरूलाई नियन्त्रणमा लिए र शाऊलको छोरा ईश्बोसेतलाई राजा तुल्याए ।
चाँडै, उनी र दाऊदका सेनापतिले एक अर्कालाई पोखरीमा भेटे ।


तिम्रा र मेरा लडाकुहरूमध्येबाट कोही आएर हाम्रो सामुन्ने एक एक जना गरी लडून् ।
हुन्छ, तिनीहरूले त्यसै गरून् ।
यसैले शाऊलका तर्फबाट १२ जना र दाऊदका तर्फबाट १२ जनाहरू एक अर्कासित लडे ।
......र हरेक जना मरे ।
यो लडाइँले यति उग्र रुप लियो कि शाऊलको घराना र दाऊदको घरानाको बीचमा गृहयुद्ध सुरु भयो । शाउलको घरानालाई सेनापनि अबनेरले नेतृत्व गरे भने दाऊदको घरानलाई सेनापति योआबले ।


योआबका दुई भाइहरू असाहेल र अबीशै पनि उनको साथमा लडेका थिए ।
हेर त, अबनेर युद्धबाट पछि हट्दैछन् ।
तिमी जतिको कुद्ने अरू कोही छैन, उसको पिछा गर । यदि अबनेर मारियो भने उनको सेना ने तृत्वविहिन हुनेछ र चाँडै नै तिनीहरू हाम्रो हातमा पर्नेछन् ।
असाहेल, तिमी फर्क । अरू कसैलाई पक्र । मैले तिमीलाई किन मार्नु ?
मैले भनेको छु, रोक ! तिम्रा दाजु योआबलाई मैले कसरी मुख देखाउनु ?
SHHLICK


के मारकाट गरि नै रहने ? त्यसको परिणाम आखिर मा तीतो मात्रै हुन्छ ।
आफ्ना भाइबन्धुहरूलाई खेद्न छोडिदिनू भनी के तिमी आफ्ना मानिसहरूलाई फर्काउँदैनौ ?
जीवित परमेश्वरको नाउँमा म भन्दछु, कि तिमीले नभनेका भए मेरा मानिसहरूले बिहानसम्म खेद्न छोड्नेथिएनन् ।
तुरही फुक ।
अबनेर र उनका मानिसहरू रातभरि हिँडेर घर फर्के.......तिनीहरूले युद्धमा ३६० मानिसहरू गुमाएका थिए ।
योआब र दाऊदका फौज रातभरि हिँडेर हेब्रोन फर्के.....। तिनीहरूले १९ मानिसहरूलाई मात्रै गुमाएका थिए ।



इस्राएलमा शाऊल र दाऊदको घरानाबीचको लडाइँ दुई वर्षसम्म चलिरह्यो। यस समयमा, दाऊद झन् झन् शक्तिशाली हुँदै गए र उनका पत्नीहरूले थुप्रै सन्तानहरू पाएकाले उनका परिवार पनि बढ्न लागे।
स्वामी, तपाईंको अर्को छोरा जन्मियो।
उसको नाउँ अदोनियाह राखिनेछ जसको अर्थ हो, परमप्रभु मेरो परमेश्वर हुनुहुन्छ।
तर शाऊलको घराना कमजोर हुँदैगए......विशेष गरी इस्राएलका राजा र उनका सेनापतिका बीच फूट भएपछि।
अबनेर तिमी मेरा बुबाकी उपपत्नीसँग किन सुत्यौ ?
म सधैं तपाईंप्रति बफादार रहेको छु र अहिले मलाई दोष लाउनुहुन्छ ?
आज म सारा इस्राएल र सेनालाई दाऊदलाई फर्काउन जाँदैछु।
हेब्रोनमा दाऊदकहाँ दूतहरू पठाऊ। मसित करार बाँध्नको लागि उसलाई भन र म सारा इस्राएल उसलाई सुम्पिदिनेछु।
अहिले नै झट्टै जाऊ।


दाऊदले उसकी पत्नी शाऊलकी छोरी मीकल फर्काइदिने माग गरेका छन् ।
मीकलसित बिहे गर्न उनले बदलीमा दुई सय पलिश्तीहरूलाई मारेका थिए । अब उनले तिनलाई फर्काइ मागेका छन् ।
ठीकै छ । तिनकी पतिबाट खोसेर तिनलाई दाऊदकहाँ फर्काइदेऊ । उसका अरू पत्नीहरू त छदै थिए, तैपनि.....
निकै अघिदेखि नै तपाईँहरूले दाऊदलाई इस्राएलका राजा बनाउन चाहनुभएको छ ।
परमप्रभुले दाऊदको हातबाट आफ्ना मानिसहरूलाई पलिश्तीहरू र हाम्रा शत्रुहरूबाट बचाउनेछु भनी पहिल्यै प्रतिज्ञा गर्नुभएको छ ।
दाऊद हाम्रा राजा हुनेछन् । हामी एउटै देशमा गाभिन र लडाईँ अन्त्य गर्न सहमत छौँ ।
हेब्रोनमा उनीकहाँ जाऊ ।
अबनेर, मेरा दासहरूले यो भोज तपाईँको निम्ति तयार गरेका छन् । तपाईँ शान्तिप्रिय मानिस हुनुहुन्छ । अन्त्यमा देश एक हुनेछ र शान्तिमा रहनेछ ।
अब मेरा राजाको निम्ति म सारा इस्राएललाई भेला गराउनेछु ।
सेनापति योआब, इस्राएल सेनाका कप्तान अबनेर भर्खरै राजाको दरबार छोडेर इस्राएलतिर फर्कँदैछन् ।
के अरे ? म र मेरा मेरा सेनाहरूले भर्खरै अमालेकीहरूलाई ध्वस्त पारेर लूटका माल लिएर फर्केर आएका छौँ । अबनेरले पक्कै केही गडबड गर्दैछन् ।
मेरो घोडा लिएर आइहाल त !


तपाईंले यो के गर्नुभयो ? तपाईंलाई छल गर्न, चाल बुझ्न र तपाईं के गर्दैहुनुहुन्छ सो जान्नलाई उनी आएका थिए।
उसले मलाई छलेका छैनन्। इस्राएलका धर्मगुरुहरू एक हुन तयार छन्। तिनीहरू मलाई इस्राएलको राजा बनाउन तयार छन्।
अबनेर पक्कै टाढा पुगेको छैन। मानिसहरू लिएर जाऊ र उसलाई यहाँ फर्काएर ल्याऊ। राजाले केही कामको लागि बोलाएको छ भनी भन।
तुरुन्तै।
अबनेर
योआब
एकछिन यहो आउनुहोस् त। देश एक हुनु अगाडि राजाले एउटा अन्तिम निर्देशन दिन खोज्नुभएको छ।
ल खा त तँलाई, मेरो भाइ असाहेललाई मारेको बदला। मैले उसलाई बिर्सेको छैन, न त तँलाई नै मैले बिर्सेको थिइँ।
दाऊद --योआब र उसका भाइले अबनेरलाई मारे।
तर अबनेर त सन्धिको लागि इस्राएलका धर्मगुरुहरूलाई भेट्न जाँदै थिए।
योआबले उनलाई झूटो आश्वासन दिएर फकाउँदै थिए। अबनेर रगतको आहालमा मूलढोकामा ढलिरहेका छन्।


हे, इस्राएल, सुन्नुहोस्!
म, राजा दाऊद, अबनेरको रगतको लागि निर्दोष छु।
तर योआबको घरानामा सधैँ घाउ खटिरा हुने वा लहुरोको सहारामा हिँड्ने अथवा तरवारले मारिने घटनाहरू भइरहून्।
अबनेर यहाँ शान्तिको लागि आएका थिए -- तर उसलाई हिंसप्रेमी मानिसले भड्काएर मारे।
“सबै मानिसहरूले आ-आफ्ना लुगा च्याते, भाङ्ग्रा ओढे - र अबनेरको अरथीको पछिपछि हिँडे।”
अबनेर, के तिमी यसरी मर्नुपर्थ्यो र?
तिम्रो हात बाँधिएका थिएनन्, तिम्रा गोडामा साङ्ला लागेका थिएनन्।
तिमी दुष्टहरूका हातमा परेझैँ ढल्यौ।
दाऊद हामीले भरोसा गर्न सक्ने अगुवा हो।
हो, इस्राएलका सबै मानिसहरूलाई देखभाल गर्नसक्ने एउटा कुशल गोठाला हुन् उनी।
महाराज, हजूरले आज केही खानुभएको छैन। हजूरको लागि खाना तयार छ।
सूर्यास्त हुनुअघि म खाना छुने पनि छैन । यो निर्दोष मानिस मारिएकोमा म पर मप्रभुको सामु उपवास बसेर शोक गर्दैछु।
योआबले गरेको दुष्ट्याइँको लागि परमेश्वरले नै उसलाई प्रतिफल देऊन्।
र दाऊदले ती हत्याराहरूलाई मार्न लगाए र उनीहरूको मृत शरीरलाई सबैले देख्ने गरी झुण्ड्याइदिए।
दाऊद हेब्रोनमा शोक मनाइरहेका बेला अर्को जघन्य अपराधको घटना घट्यो -- राजा ईश्बोशे
त आफ्नै ओछ्यानमा मारिएको फेला परे।


हामी तपाईँकै हाड र मासु हौँ । हामीमाथि शासन गर्नुहोस् ।
विगतमा तपाईँले नै इस्राएलको सेनालाई लडाइँमा लाने र फर्काएर ल्याउने गर्नुहुन्थ्यो । तपाईँ इस्राएलको गोठाला हुनुहुनेछ भनी परमप्रभुले नै भन्नुभएको छ ।
आउनुहोस् हामीमाथि शासन गर्नुहोस् ।
दाऊदले साढे सात वर्षसम्म यहूदामाथि शासन गरेका थिए र अब उनी सारा इस्राएलमाथि राजा भए ।
म यबूसीहरूको सहर यरुशलेम चाहन्छु । म मेरो सिंहासन त्यहीँ बनाउनेछु ।
तपाईँ त्यहाँ पस्न पनि सक्नु हुनेछैन, त्यहाँका अन्धा र लङ्गडाहरूले पनि तपाईँलाई भगाउन सक्नेछन् भनी यबूसीहरूले खबर पठाएका छन् ।
दाऊदले पानीको नालभित्रबाट गएर त्यस सहरलाई कब्जा गरे ।
टुरोसका राजा हीरामले दाऊदको दरबार बनाउनका निम्ति देवदारुका काठ, सिकर्मी र डकर्मीहरू पठाउनेछन् भनी खबर पठाएका छन् ।
म र मेरो परिवारको निम्ति देखाइएको आदर र दयाको निम्ति दाऊदले उनलाई प्रतिफल दिनेछन् भनी उनलाई सन्देश पठाइदेऊ ।
आफू राजा हुनु परमप्रभुको नै आशिष हो भनी दाऊद जान्दथे ।
र यरुशलेममा उनले अझै धेरै पत्नी र उपपत्नीहरू बिहे गरे र तिनीहरूबाट उनका थुप्रै छोराछोरीहरू जन्मिए ।


दाऊदको राजपद छोटो बनाउनेतिर हामी भर मग्दूर लाग्नुपर्छ ।
गृहयुद्धले तिनीहरू कमजोर भइसकेका छन् ।
पलिश्तीहरूको विजय अब सुरु भएको छ र हिब्रूहरूको पराजय चाहिँ अब निश्चित छ ।
हो, तिनीहरूले फेरि एकचोटि हाम्रो सेवा गर्ने समय आएको छ ।
प्रभु, तपाईंले हामीलाई यो ठाउँमा ल्याउनुभएको छ । अब तपाईंको शत्रुले देश ढाके को छ । के म तिनीहरूको विरुद्ध लड्न जाऊँ ? के तपाईंले उनीहरूलाई मेरो हातमा सुम्पिदिनुहुनेछ ?
जा, म तिनीहरूलाई तेरो हातमा सुम्पिदिनेछु ।
महाराज, पलिश्तीहरू फर्केर आएका छन् र अहिले तिनीहरू तपाईंहरूको बँसीमा छाउनी राखेर तपाईंलाई पर्खिरहेका छन् ।
"यसपालि सोझै आक्रमण नगर्, तर घुमेर लहरे पीपलहरूका सामुन्ने पछिल्तिरबाट उनीहरूलाई आक्रमण गर् । लहरे पीपलहरूका टुप्पामा हुरुरुरु आवाज सुन्ने बित्तिकै झट्टै आक्रमण गरि हाल्, किनभने त्यसैबेला परमप्रभु अगिअगि जानुहुनेछ ।"
दाऊदले परमप्रभुको आज्ञाबमो जिम गरे र उनले पलिश्तीहरूलाई उनीहरूको देशसम्मै खेदेर धपाए ।


राजा खुशी हुनुहुन्छ, सन्दूक किर्यात यरीमबाट यरुशलेम लगिँदैछ । सन्दूकले तिनको घरलाई आशिष मिल्नेछ भनी दाऊदलाई थाहा छ ।
तर तिनीहरूले सन्दूकलाई गाडामा पो लाँदैछन् त...सन्दूकलाई त काठका दुई डन्डाहरूमा कहातीका पूजाहारीहरूले बो क्नुपर्छ भनेर मोशाले प्रष्ट निर्देशन दिएका थिए ।
अइय्या !!!!
उसले परमेश्वर को सन्दूकलाई छोयो !
परमप्रभुको क्रोध पूजाहारीको विरुद्ध खनिएकोले दाऊद रिसाए ।
र त्यस दिन...... दाऊद परमप्रभुदेखि डराए ।
त्यसैले दाऊदले सन्दूकलाई यरुशलेम नलगी नजिकै बस्ने ओबेद-एदोमको घरमा राखे ।


परमप्रभुले करारको कारण ओबेद-एदोमको घरलाई आशिष दिनुभयो, त्यसैले दाऊदले सन्दूकलाई फेरि यरुशलेममा फर्काइल्याए ।
तर यसपालि मोशाले दिएको निर्देशनअनुसार दाऊदले पूजाहारीहरूलाई सन्दूक बोक्न लगाए र ठूलो धूमधाम आनन्दका साथमा सन्दूकलाई सहरमा ल्याए ।
हेर त, राजा आफैँ उत्सवमा मग्न छन् ।
परमप्रभुलाई होमबलि बाहेक, उहाँका मानिसहरूलाई एक एक वटा रोटी, खजूरको एक एक डल्लो र किसमिसको एक एक भुप्पो दिन राजाले इच्छा गरेका छन् ।
राजा साँच्चि नै परमेश्वरको हृदयअनुसारका मानिस हुन् ।
परमेश्वरले राजालाई न्याय तथा उदारताले सुसम्पन्न पार्नुभएको छ । राजा दाऊद दीर्घायु रहून् ।
तर जब राजा घर फर्किए, उनले आफ्नी पत्नी मीकलबाट भने राम्रो स्वागत पाएनन् ।
ओहो इस्राएलका राजाका निम्ति आज कस्तो गौरवको दिन ! दासीहरूका अगाडि धोती नै फुस्कने गरी नाचेर आफैलाई ढँटुवारे जस्तै बनाउनुभयो तपाईंले त !
म परमप्रभुको सामुन्ने उत्सव अवश्य मनाउनेछु ।
परमेश्वरले तिम्रा पिता र उनका घरानाको सट्टामा मलाई चुन्नुभयो । म अझै अपमानित बन्न तयार छु र यी दासीहरू जसका विषयमा तिमीले मलाई भन्यौ, तिनीहरूले यसको निम्ति मलाई मान गर्नेछन् ।
र मीकलको मर्ने दिनसम्म छोराछोरी भएनन् ।



यसपछि राजाले परमेश्वरका अगमवक्ता नातानलाई भेट गरे ।
परमप्रभुको सन्दूकलाई पालमा राखेर म चाहिँ दरबारमा बस्नु उचित छैन ।
तपाईंको मनमा जे छ सोही गर्नुहोस्, किनभने परमप्रभु तपाईंसँग हुनुहुन्छ ।
"मेरा दास दाऊदलाई भन्, के तैँले परमप्रभुको निम्ति एउटा घर बनाउनेछस् र ? इस्राएललाई मिश्रदेशबाट ल्याएको दिनदेखि आजको दिनसम्म म कहिल्यै कुनै घरमा बसेको छैनँ ।"
"सर्वशक्तिमान परमप्रभु भन्नुहुन्छ : अब पृथ्वीका प्रतिष्ठित व्यक्तिहरूका बीचमा म तेरो नाउँ महान् बनाउनेछु ।"
परमप्रभु आफैले तेरो लागि राजघराना स्थापना गर्नेछु र तेरा सन्तानहरूमध्येबाट तेरो उत्तराधिकारी हुनलाई एकजनालाई उठाउनेछु ।
तेरो घराना र तेरो राज्य सधैंभरि रहनेछ र तेरो सिंहासन सदासर्वदाको लागि स्थिर हुनेछ ।
हे परमप्रभु परमेश्वर, म को हुँ कि तपाईंले मलाई यहाँसम्म ल्याउनुभयो ?
तपाईं कति महान् हुनुहुन्छ र तपाईं जस्तो कोही छैन ।
तपाईंका वचन विश्वासयोग्य र सत्य छ ।
अब यस घरानालाई आशिष दिनुहोस्.... र तपाईंको दास सदासर्वदा आशिषित हुनेछ ।


परमेश्वर दाऊदसित हुनुभयो र उनका सबै शत्रुहरूमाथि विजय दिनुभयो : पलिश्ती, अरामी, मोआबी, एदोमी र अम्मोनी सबैमाथि ।
उनी जता गएतापनि परमेश्वरले उनलाई सफलता दिनुभयो ।
दाऊदले सारा इस्राएलमाथि राज्य गरे, र आफ्ना प्रजाका निम्ति जे जति ठीक र न्यायोचित थियो, त्यही गरे र उनले सबै मानिसहरूको दृष्टिमा निगाह पाए किनभने परमेश्वर उनीसित हुनुहुन्थ्यो ।
सादोक र अहीमेलेक पूजाहारीहरू थिए ।
योआब सेनापति थिए ।
यहोशापात लेखापाल थिए र सरायाह सचिव थिए ।
बनायाह पहरेदारहरूमाथि अधिकृत थिए ।
दाऊदका छोराहरू राजकीय सल्लाहकार थिए ।
दाऊदले शाऊल र जोनाथनलाई गरेका प्रतिज्ञाहरू सम्झे ।
उनले जोनाथनका लङ्गडा छोरा मपीबोशेतलाई दर बारमा ल्याए र उनको हक लाग्ने उनका बाजेका सबै जग्गाजमिन फर्काइदिए ।
मपीबोशेतले राजाका छोराहरूसँग एउटै टेबिलमा बसेर खान्थे ।